एभरेटको सिटी
एमपावर एभरेट कार्यक्रम

समष्टिगत योजना

सेप्टेम्बर 3, 2025

सामाग्रिहरूको तालिका

I. उदेश्य
II. परिभाषाहरू
III. प्रक्रियागत आवश्यकताहरू
  A. प्रक्रियाको पहल
  B. DOER सँगै प्रक्रिया
  C. सार्वजनिक समिक्षा
IV. योजनाका तत्वहरू
  A. कार्यक्रमको सङ्गठनात्मक संरचना
  B. कार्यक्रम सञ्चालन
    1. संवैधानिक आवश्यकताहरू
    2. आपुर्ती प्राप्ति
    3. उत्पादनसम्बन्धी जानकारी
    4. अन्य कोष स्रोतहरू/सहभागीहरूलाई लाग्ने अन्य लागतहरू
    5. ग्राहकको नामाङ्कन
    6. ग्राहकको सूचना
    7. चलिरहेको कार्यक्रमसम्बन्धी जानकारी
    8. कार्यक्रमको समाप्ति
  C. कार्यक्रममा सहभागिहरूको अधिकार र जिम्मेवारी
V. नगरपालिका एकत्रीकरण योजनाहरूको विभाग समिक्षा
VI. वार्षिक प्रतिवेदनहरू
VII. विद्युत वितरण कम्पनीलाई सूचनाहरू
  A. योजना फाइलिङ
  B. ऊर्जा आपूर्ति सम्झौता
VIII. योजना र कार्यक्रमको परिवर्तनहरू
  A. योजना संशोधन प्रक्रिया
  B. कार्यक्रमको परामर्शदाता
IX. नगरपालिका एकत्रीकरण LICSS कार्यक्रमहरू

एट्याचमेन्ट 1 – योजनासम्बन्धी सम्पर्क जानकारी
एट्याचमेन्ट 2 – अप्ट-आउट सूचना

I. उदेश्य

एभरेट सिटीले विधुतीय उपभोक्ताहरूको सार्वजनिक एकत्रीकरणसम्बन्धी म्यासाचुसेट्स कानूनको अनुपालनमा यो नगरपालिकाले एकत्रीकरण योजना विकास गरेको हो। यसमा सिटीको योजनाको संरचना, सञ्चालन, सेवा, कोष र नीतिहरूको बारेमा आवश्यक जानकारी समावेश छ। यो योजना कोलोनियल पावर ग्रुप, इंक र म्यासाचुसेट्स ऊर्जा स्रोत विभागसँग परामर्श गरी विकसित गरिएको हो र सार्वजनिक उपयोगिता विभागद्वारा विकसित नगरपालिका एकत्रीकरण दिशानिर्देशहरूसँग मेल खान्छ।

यो योजनाको उदेश्य भनेको विधुतका लागि प्रतिस्पर्धी बजारहरूमा उपभोक्ता हितको प्रतिनिधित्व गर्ने हो। यसले सिटीका उपभोक्ताहरूलाई बिजुली आपूर्तिको दरमा वार्ता गर्न एकत्रित गर्ने प्रयास गर्छ। यसले एकैसाथ 50,000 भन्दा बढी उपभोक्ताहरू किन्छ। सिटीले आफ्नो ऊर्जा विकल्पहरूमा बढी नियन्त्रण लिन खोज्छ, यसमा मूल्य बचत, मूल्य स्थिरता र नवीकरणीय ऊर्जा सामग्रीको मात्रा पछ्याउने क्षमता बढाउने समावेश छ। प्रत्येक उपभोक्ताहरूका लागि सहभागिता स्वैच्छिक छ। उपभोक्ताहरूले योजनामार्फत प्रदान गरिएको सेवा अस्वीकार गर्न सक्छन् र यसको सट्टा वैकल्पिक आपूर्ति विकल्प छनौट गर्न सक्छन्।

II. परिभाषाहरू

वार्षिक रिपोर्ट – भन्नाले सिटीले विभागमा वार्षिक रूपमा फाइल गर्ने रिपोर्टलाई जनाउँछ यसमा अघिल्लो वर्षको कार्यक्रम जानकारी समावेश छ (तल खण्ड VI हेर्नुहोस्)।

स्वचालित-नामाङ्कन ग्राहक – भन्नाले एक विधुतीय ग्राहकलाई बुझिन्छ विशेष गरी ती ग्राहकहरू बाहेक सबै आधारभूत सेवा ग्राहकहरू जसले (1) विधुत वितरण कम्पनीलाई आफ्नो खाता जानकारी आफ्नो नगरपालिकासँग साझा गर्न चाहँदैनन् भन्ने जानकारी दिएका छन् वा (2) आधारभूत सेवामा रहन आवश्यक पर्ने वैकल्पिक "हरियो शक्ति" कार्यक्रममा भाग लिइरहेकहरूका लागि यो अप्ट-आउटको आधारमा कार्यक्रममा भर्ना हुन योग्य छ।

आधारभूत सेवा – भन्नाले विधुत वितरण कम्पनीले प्रतिस्पर्धी आपूर्तिकर्ताबाट वा कार्यक्रममा सहभागितामार्फत विधुत आपूर्ति उत्पादन प्राप्त नगर्ने विधुत ग्राहकहरूलाई प्रदान गर्ने विधुत आपूर्ति उत्पादनलाई जनाउँछ।

सहर– भन्नाले एभरटेको सहरलाई जनाउँछ।

प्रतिस्पर्धी आपूर्तिकर्ता – भन्नाले 220 CMR 11.02 मा परिभाषित गरिएअनुसार, विधुतीय ग्राहकहरूलाई विधुतीय आपूर्ति उत्पादनहरू बेच्न विभागद्वारा इजाजतपत्र प्राप्त संस्थालाई बुझिन्छ।

परामर्शदाता – भन्नाले योजना र कार्यक्रमको विकास र सञ्चालनमा सहयोग गर्न सिटीले राखेको संस्थालाई बुझिन्छ।

DOER – भन्नाले ऊर्जाको स्रोतको म्यासाचुसेट्स विभागलाई जनाउँछ।

DOER का उत्कृष्ट प्रयासहरू - भन्नाले *नगरपालिका एकत्रीकरण योजनाहरूमा स्वच्छ ऊर्जालाई अगाडि बढाउनका लागि DOER ले सिफारिस गरेका उत्कृष्ट प्रयासहरू जनाउँछ, यसलाई* समय-समयमा संशोधन गर्न सकिन्छ।

पूर्वनिर्धारित उत्पादन – उनीहरूले सकारात्मक रूपमा वैकल्पिक उत्पादन चयन गर्दासम्म कार्यक्रममा सहभागीहरूले प्राप्त गर्ने उत्पादनलाई जनाउँछ।

विभाग – भन्नाले म्यासाचुसेट्स सार्वजनिक उपयोगिता विभाग हो।

विधुतीय ग्राहक –भन्नाले विधुतीय वितरण कम्पनीसँग रहेको खाताको रेकर्ड भएको ग्राहकलाई बुझिन्छ।

विधुतीय वितरण कम्पनी वा EDC– भन्नाले म्यासाचुसेट्सको विधुतीय कम्पनीको d/b/a राष्ट्रिय ग्रिडलाइ जनाउँछ।

विधुतीय आपुर्ती सम्झौता वा ESA – भन्नाले कार्यक्रमका लागि विधुतका बारेमा सिटी र कार्यक्रम आपुर्तीकर्ताबिच भएको सम्झौलाई जनाउँछ।

विधुतीय दलाल – 220 CMR 11.02 मा परिभाषित गरिएअनुसार, ग्राहकहरूलाई विधुत आपूर्ति र सम्बन्धित सेवाहरूको खरिद र बिक्रिका लागि सहजीकरण वा अन्यथा व्यवस्था गर्न विभागद्वारा इजाजतपत्र प्राप्त संस्थालाई जनाउँछ।

वातावरणीय न्याय जनसङ्ख्या – म्यासाचुसेट्समा, वातावरणीय न्याय जनसङ्ख्या भनेको निम्न मध्ये एक वा बढी मापदण्डहरू पूरा गर्ने छिमेक हो:

- वार्षिक औसत घरायसी आय स्टेटवाइडको वार्षिक औसत घरायसी आय 65 प्रतिशतभन्दा धेरै हुदैन;
- जनसङ्ख्याको अल्पसङ्ख्यकहरू 40 प्रतिशत वा सोभन्दा बढी समावेश छन;
- 25 प्रतिशत वा सोभन्दा बढी घरपरिवारमा अङ्ग्रेजी भाषा दक्षताको कमी छ; वा;
- अल्पसङ्ख्यकहरूले जनसङ्ख्याको 25 प्रतिशत वा सोभन्दा बढी हिस्सा ओगटेका छन् र छिमेक अवस्थित सिटीको वार्षिक औसत घरायसी आय राज्यव्यापी वार्षिक औसत घरपरिवार आयको 150 प्रतिशतभन्दा बढी हुँदैन।[1]

मार्गनिर्देशनहरू – D.P.U. 23-67 मा विभागले स्वीकार गरेको नगरपालिका एकत्रिकरणलाई जनाउँछ, यसलाई समय समयमा संशोधन गर्न सकिन्छ।

किलोवाट – भन्नाले घण्टाको किलोवाटलाई जनाउँछ।

LICSSTGU – भन्नाले SMART नियमहरूमा परिभाषित गरिएअनुसार, कम-आय समुदाय साझा सौर्य ट्यारिफ उत्पादन एकाइ जनाउँछ।

[1] ऊर्जा कार्यकारी कार्यालयको वातावरणीय न्याय नीति र वातावरणीय मामिला (जुन 24, 2021 मा अद्यावधिक गरिएकको https://www.mass.gov/doc/environmental-justice-policy6242021-update/download मा उपलब्ध छ गएर हेर्नुहोस्।

LICSS निर्देशिका – ले समुदाय साझा सौर्य ट्यारिफ उत्पादन एकाइहरू र कम-आय भएका समुदाय साझा सौर्य उत्पादन एकाइहरूका लागि वैकल्पिक कार्यक्रमहरूसम्बन्धी DOER निर्देशिकालाई जनाउँछ।

नगरपालिका एकत्रीकरण LICSS कार्यक्रम – SMART नियमन र LICSS दिशानिर्देशहरूमा उल्लेख गरिएअनुसार कार्यक्रममार्फत प्रस्ताव गरिएको कम आय भएको समुदाय साझा सौर्य कार्यक्रम हो।

नगरपालिका – भन्नाले एउटा सिटी वा सिटी (वा सिटी वा सिटीहरूको समूह) हो जसले (1) G.L. c. अनुसार कार्यक्रम सञ्चालनलाई जनाउँछ। 164, § 134(a), वा (2) ले विभागको स्वीकृतिका लागि योजना दायर गरेको छ।

अप्ट-इन उत्पादन – भन्नाले कार्यक्रमका सहभागीहरूले प्राप्त गर्नका लागि सकारात्मक रूपमा चयन गर्नुपर्ने उत्पादनलाई जनाउँछ।

अप्ट-आउट सूचना – भन्नाले स्वतः नामाङ्कन गरिएका ग्राहकहरूलाई त्यस्तो नामाङ्कनबाट बाहिरिने अधिकारको बारेमा जानकारी गराउन पठाइएको कागजातलाई जनाउँछ (तल खण्ड IV.B.6.a, हेर्नुहोस्)।

सहभागी – भन्नाले कार्यक्रममा भाग लिइरहेको विद्युतीय ग्राहकलाई जनाउँछ।

निवेदन –भन्नाले नगरपालिकाले योजनाको समीक्षा र स्वीकृतिका लागि विभागमा पेस गरेको निवेदनलाई जनाउँछ।

योजना – भन्नाले नगरपालिका एकत्रीकरण योजना जनाउँछ।

उत्पादन – भन्नाले कार्यक्रममा सहभागीहरूलाई उपलब्ध विधुत आपूर्ति उत्पादनलाई जनाउँछ।

कार्यक्रम – भन्नाले सहरको सशक्त एभरेट कार्यक्रमलाई जनाउँछ, यसले G.L. c. बमोजिम विधुत आपूर्ति र ऊर्जा-सम्बन्धित उत्पादनहरू र सेवाहरू प्राप्त गर्ने उद्देश्यका लागि यसको नगरपालिका सीमा भित्र रहेका विधुतीय ग्राहकहरूलाई एकत्रितलाई जनाउँछ 164, § 134(a).

कार्यक्रम आपूर्तिकर्ता - भन्नाले सहभागीहरूलाई विद्युत आपूर्ति र लागू भएमा ऊर्जा-सम्बन्धित उत्पादनहरू र सेवाहरू प्रदान गर्ने प्रतिस्पर्धी आपूर्तिकर्तालाई बुझिन्छ।

SMART नियमहरू - भन्नाले कमनवेल्थमा सौर्य ऊर्जाको निरन्तर प्रयोग र विकासलाई प्रोत्साहन गर्न सौर्य म्यासाचुसेट्स नवीकरणीय लक्षित कार्यक्रम स्थापना गर्न DOER द्वारा जारी गरिएका नियमनहरू बुझाउँछ।

III. प्रक्रियागत आवश्यकताहरू

A. प्रक्रियाको सुरुवात - सिटीले अप्रिल 28, 2025 मा नगरपालिका एकत्रीकरण योजना विकास गर्ने प्रक्रिया सुरु गर्न सिटी परामर्शको बहुमतको मतले अधिकार प्राप्त गऱ्यो।

B. DOER सँग परामर्श – मे 27, 2025 मा G.L. c. 164 § 134(a) बमोजिम सिटीले आफ्नो योजना विकास गर्दा DOER सँग परामर्श गऱ्यो।

C. सार्वजनिक समीक्षा – सिटीले आफ्नो प्रस्तावित योजनालाई सेप्टेम्बर 4, 2025 देखि

अक्टोबर 4 , 2025 सम्म सार्वजनिक समीक्षाका लागि आफ्नो नगरपालिका वेबसाइटमा रहेको प्रमुख लिङ्क मार्फत उपलब्ध गराएको छ।

IV. योजनाका तत्वहरू

A. कार्यक्रमको संगठनात्मक संरचना - तालिका IV.A ले कार्यक्रमको मुख्य कार्यहरू गर्ने संस्था वा संस्थाहरू (सिटी, परामर्शदाता, कार्यक्रम आपूर्तिकर्ता) पहिचान गर्ने छ। हेर्नुहोस् निर्देशिकाहरू, खण्ड IV.A.

तालिका IV.A – संगठनात्मक संरचना

मूल कार्यहरू	**कार्यसम्पादन गर्ने निकाय**			**योजना खण्ड जसमा कार्यहरू वर्णन गरिएको छ**
	सिटी	परामर्शदाता	आपूर्तिकर्ता	
सम्पर्ककर्ता/प्रतिनिधिहरू/ एजेन्टहरू				
विभाग अगाडि नगरपालिका प्रतिनिधि/एजेन्ट (i)	X	X		*खण्ड IV र संलग्नक 1*
DOER सँग लिसन		X		*खण्ड III.B*
विद्युत वितरण कम्पनीहरूसँग लिसन		X		*खण्ड III*
योजनाका तत्वहरू				
आपुर्ती प्राप्ति	X	X		*खण्ड IV.B.2*
उत्पादन निर्धारण	X			*खण्ड IV.B.3*
अन्य रकम/लागत	X			*खण्ड IV.B.4*
ग्राहकको नामाङ्कन			X	*खण्ड IV.B.5*
ग्राहक सूचनाहरू/ आउटरिच/शिक्षा	X	X		*खण्ड IV.B.6*
चलिरहेको कार्यक्रमसम्बन्धी जानकारी	X	X		*खण्ड IV.B.7*
कार्यक्रमको समाप्ति	X			*खण्ड IV.B.8*
वार्षिक प्रतिवेदनहरू		X		*खण्ड VI*
ग्राहक सेवा (i)	X	X	TBD	
अन्य (*विवरण*)				

(i) योजना सम्बन्धी आवश्यक सम्पर्क जानकारी संलग्न 1 मा प्रदान गरिएको छ।

B. कार्यक्रम सञ्चालन

1. वैधानिक आवश्यकताहरू - G.L. c. 164, § 134(a) अनुसार, योजनाले निम्न कुराहरू प्रदान गर्ने छ:

a. विश्वव्यापी पहुँच – नगरपालिकाको सीमा भित्र बसोबास गर्ने वा अवस्थित सबै ग्राहकहरू स्वचालित नामांकन प्रक्रिया मार्फत वा ग्राहकको अनुरोधमा कार्यक्रममा सामेल हुन कार्यक्रममा भाग लिन योग्य हुने छन् (तल खण्ड IV.B.5 हेर्नुहोस्)।

b. विश्वसनीयता – Colonial Power Group, Inc. का सेवाहरू आफ्नो सल्लाहकारको रूपमा कायम राखेको छ जुन विभागद्वारा-अनुमोदित विद्युत ब्रोकर हो र नगरपालिका एकत्रीकरण परामर्श सेवाहरू प्रदान गर्न इजाजतपत्र प्राप्त छ। सिटीले कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न आवश्यक प्राविधिक विशेषज्ञता छ भन्ने कुराको प्रदर्शनका रूपमा प्रस्तुत गर्छ।

c. सबै ग्राहक वर्गहरूको समान व्यवहार – तालिका IV.B.1.c ले योजना तत्वहरू पहिचान गर्दछ जसका लागि ग्राहक वर्गहरू (वा उपवर्गहरू) बीचको व्यवहार समान व्यवहार सुनिश्चित गर्न फरक हुन सक्छ। प्रत्येक ग्राहक वर्गको फरक विशेषताहरू प्रतिबिम्बित गर्ने विविध उपचार उचित र उपयुक्त हुने सहरको अपेक्षा छ।

ग्राहक वर्ग र उपवर्गहरू धेरै कुराहरूमा फरक हुन्छन् जस्तै विद्युतीय भार, बिजुली खपत ढाँचा वा भार कारकहरू, बढेको नवीकरणीय ऊर्जामा रुचि र समर्थन गर्ने क्षमता वा DOER उत्तम अभ्यासहरूमा वर्णन गरिएका अवसरहरू वा वातावरणीय न्याय जनसंख्यासँग सम्बन्धित कारकहरू जस्तै अंग्रेजी प्रवीणता। यी भिन्नताहरूले कार्यक्रम सञ्चालनका सबै पक्षहरूलाई असर गर्ने अपेक्षा गरिएको छ। उदाहरणका लागि, प्रभावकारी र उत्तरदायी खरिद, उत्पादन निर्धारण, नामांकन, सूचना र निरन्तर ग्राहक शिक्षा प्रयासहरू आवासीय र ठूला व्यावसायिक वा औद्योगिक ग्राहकहरू बीच फरक हुनेछन् किनभने यी वर्गहरूमा ग्राहकहरू र तिनीहरूको उपभोग ढाँचाहरू बीचको भिन्नता छ। यी कारकहरूले तलको तालिका IV.B.1.c मा वर्णन गरिएका सबै कार्यहरूका लागि कार्यक्रमको उत्कृष्ट अभ्यासहरूलाई अनिवार्य रूपमा असर गर्ने छन्। प्रत्येक कार्यसँग सान्दर्भिक पाठमा उपयुक्त फरक उपचारका धेरै थप उदाहरणहरू पनि तल वर्णन गरिएका छन्।

तालिका IV.B.1.c ग्राहक वर्गहरूको समतामूलक व्यवहार

योजना तत्व					
आपुर्ती प्राप्ति (§ IV.B.2)	उत्पादन दर निर्धारण/नवीकरणीय ऊर्जा सामग्री (§ IV.B.3)	अन्य रकम/लागत (§ IV.B.4)	ग्राहकको नामाङ्कन (§ IV.B.5)	ग्राहकसम्बन्धी सूचना (§ IV.B.6)	जारी कार्यक्रम जानकारी (§ IV.B.7)
☒	☒	☒	☒	☒	☒

2. आपूर्तिको खरिद – तालिका IV.B.2 ले पहिचान गर्दछ: (1) योजनाको विभागले

स्वीकृति दिएपछि, सिटीले कार्यक्रमका लागि आपूर्ति खरिद गर्न अपेक्षा गर्ने कार्यहरू; र (2) प्रत्येक कार्यको लागि अपेक्षित समयसीमा, विभागले दिन 0 मा योजना स्वीकृत गर्छ भन्ने धारणाको आधारमा विभागको स्वीकृति पछिको दिनको संख्याको रूपमा पहिचान गरिएको। माथि खण्ड IV.B.1.c मा वर्णन गरिए अनुसार, कार्यक्रम आपूर्तिको खरिदका लागि सामान्यतया तलको प्रक्रिया लागू गरिनेछ तर केही वर्ग वा उपवर्गहरूको लागि वैकल्पिक दृष्टिकोणहरू प्रयोग गर्न सकिन्छ उदाहरणका लागि DOER को उत्तम अभ्यासहरूसँग मेल खाने स्थानीय नवीकरणीय ऊर्जा स्रोतहरू खरिद गर्ने सन्दर्भमा।

तालिका IV.B.2 – आपूर्ति खरिद	
खरीद चरणहरू	**अपेक्षित समयसीमा**
विभाग स्वीकृतिको EDC लाई सूचित गर्नुहोस्	2-4 व्यावसायिक दिन
EDC सँग अद्यावधिक खरिद समयसीमा फाइल गर्नुहोस् (i)	<=14 days
RFQs/RFPs जारी गर्नुहोस्	TBD
बोलीहरूको मूल्याङ्कन/चयन गर्नुहोस्	TBD
सम्झौताहरू वार्ता/कार्यान्वयन गर्नुहोस्	TBD
अन्य (विवरण)	TBD

(i) सिटीले EDC लाई यसको खरिद समयसीमाको मासिक अद्यावधिक सूचनाहरू प्रदान गर्नेछ र ESA को कार्यान्वयनको सूचनाको डेलिभरी नभएसम्म कार्यक्रम समीक्षा गर्न विभागको डकेट गरिएको कार्यवाहीमा खरिद समयसीमासँग सम्बन्धित सबै सूचनाहरू पनि फाइल गर्ने छ।

3. उत्पादन जानकारी – तालिका IV.B.3 ले प्रत्येक उत्पादनको लागि, (1) सहभागीहरूलाई शुल्क लगाइने दरहरूको घटकहरू र (2) नवीकरणीय ऊर्जा सामग्री, स्वैच्छिक घटक समावेश गर्ने नवीकरणीय ऊर्जा स्रोतहरूको प्रकारहरू सहित पहिचान गर्दछ। दरहरू मार्फत सङ्कलन गरिएका सबै रकम विशेष गरी कार्यक्रमको फाइदाको लागि प्रयोग गरिने छ।

तालिका IV.B.3 – उत्पादन जानकारी		
		उत्पादन(हरू) [TBD]
घटकहरू दर ($/kWh मा)|		
आपूर्ति र नवीकरणीय ऊर्जा सामग्री		TBD
परामर्शदाता सेवाहरू		$0.001
नगरपालिका सेवाहरू		TBD
अन्य सेवाहरू (विवरण)		TBD
जम्मा		
नवीकरणीय ऊर्जा सामग्री (कुलको% मा)		
आवश्यक		
स्वैच्छिक	RPS वर्ग I	TBD
	राष्ट्रिय हावा	TBD
	अन्य (विवरण)	TBD
जम्मा		
आपूर्तिकर्ताको नाम		TBD
प्रभावकारी मितिहरू		TBD

माथि खण्ड IV.B.3.c मा वर्णन गरिएअनुसार उत्पादन जानकारी ग्राहक वर्ग वा उपवर्गअनुसार फरक हुन सक्छ। सिटीले अझै निर्णय गरेको छैन र समय समयमा परिवर्तन हुने छ: (1) योजनाद्वारा प्रस्ताव गरिने उत्पादनहरूको सङ्ख्या; (2) प्रत्येक उत्पादनको दर घटकहरूको मूल्य, (3) प्रत्येक उत्पादनको नवीकरणीय ऊर्जा सामग्रीको स्तर वा (4) नगरपालिका सेवाहरूका लागि दर घटक समावेश गर्ने वा नगर्ने र कुन स्तरमा सेट गर्ने। कुनै पनि प्रतिस्पर्धी बोलपत्र प्रक्रियाको समयमा र विद्युतीय ग्राहकहरू र परामर्शदाताबाट सुझावहरू विचार गरेपछि मेयरले विद्युत आपूर्ति र नवीकरणीय ऊर्जा सामग्रीको बजार मूल्यको आधारमा उत्पादन प्रस्तावहरूको सङ्ख्या र प्रत्येकको विशेषताहरूका बारेमा अन्तिम निर्णय गर्ने छन्। सिटीले नगर सेवाहरूका लागि दर घटक समावेश गर्ने छनौट गर्छ भने त्यस्तो दर घटकमार्फत सङ्कलन गरिएको सबै रकम विशेष रूपमा कार्यक्रमको फाइदाका लागि प्रयोग गरिने छ।

प्रत्येक उत्पादनको उत्पादन छनौट र नवीकरणीय ऊर्जा सामग्रीको निर्धारण गर्न, मेयरले प्रतिस्पर्धी मूल्य निर्धारण, मूल्य स्थिरता, वातावरणीय नीति र लक्ष्यहरू र अन्य सिटी वा राज्य नीतिहरू (उदाहरणका लागि, कम आय भएका ग्राहकहरूको हितलाई अगाडि बढाउने, व्यवसाय विकासलाई बढावा दिने वा DOER उत्तम अभ्यासहरूमा वर्णन गरिएका विकल्पहरू पछ्याउने) का लागि कार्यक्रमको उद्देश्यहरू विचार गर्ने छन्। बिजुली आपूर्ति र नवीकरणीय ऊर्जा सामग्रीको बजार मूल्यहरू सधैँ परिवर्तनशील हुने र अत्यन्तै अस्थिर हुन सक्ने कुरालाई ध्यानमा राख्दै, कुनै पनि प्रतिस्पर्धात्मक बोली प्रक्रियाको समयमा उपस्थित त्यस्ता मूल्यहरूले प्रत्येक राउन्डमा चयन गरिएका उत्पादन(हरू) मा राज्यको न्यूनतम आवश्यकताहरू भन्दा कति, कुनै छ भने, थप नवीकरणीय सामग्री समावेश गर्ने भन्ने निर्णय गर्ने सिटीमा पर्याप्त प्रभाव पार्ने अपेक्षा गरिएको छ।

सिटीले अझैसम्म अन्य ऊर्जा-सम्बन्धित उत्पादन र सेवाहरू प्रदान गर्ने वा नगर्ने भनेर निर्णय गरेको छैन। अन्य ऊर्जा-सम्बन्धित उत्पादनहरू र सेवाहरू प्रस्ताव गर्ने वा नगर्ने र कसरी (जस्तै, अप्ट-आउट वा अप्ट-इन) गर्ने भन्ने निर्णयहरू केही वा सबै सहभागीहरूलाई अनुमानित खुद मूल्यमा आधारित हुने छन्।

माथि खण्ड IV.B.3.c मा वर्णन गरेअनुसार, योजनाले केही ग्राहक उपवर्गहरू विद्युतीय भार, बिजुली खपत ढाँचा र भार कारकहरूमा सामग्रीको सन्दर्भमा भिन्न हुन्छन् भनेर स्वीकार गर्छ। त्यसकारण कार्यक्रमले

अन्य ग्राहक वर्गहरूका लागि नकारात्मक परिणामहरू कम गर्न त्यस्ता उपवर्गहरूलाई फरक दरहरू प्रस्ताव गर्न सक्छ। उदाहरणका लागि, ठूला औद्योगिक विद्युतीय ग्राहकहरू (i) नयाँ स्वतः-नामाङ्कन भएका ग्राहकहरू, (ii) पहिले कार्यक्रमबाट बाहिरिएका छन् वा (iii) प्रतिस्पर्धी आपूर्तिकर्ताद्वारा सेवा दिइरहेका छन्, कार्यक्रममा सामेल हुन अनुरोध गर्न सक्छन्। त्यस्ता ग्राहकहरूको उच्च मासिक प्रयोगलाई ध्यानमा राख्दै, नामाङ्कन गर्ने काम तत्कालीन बजार मूल्यमा हुन सक्छ।

योजनाले तलको खण्ड IV.B.7 (चालू कार्यक्रम जानकारी) मा सिटीले यो तालिका कसरी अद्यावधिक गर्ने छ भनेर सम्बोधन गर्छ।

4. अन्य कोष स्रोतहरू/सहभागीहरूलाई अन्य लागतहरू – सिटीले अन्य वित्तीय स्रोतहरू पहिचान गरेको छैन। सहभागीहरूले उत्पादन दर घटकमार्फत लाग्ने लागत बाहेक अन्य कुनै पनि लागत व्यहोर्नु पर्दैन। माथि खण्ड IV.B.3.c मा वर्णन गरेअनुसार, उत्पादन रकम वा लागत ग्राहक वर्ग वा उपवर्गअनुसार फरक हुन सक्छ।

5. ग्राहकसम्बन्धी नामाङ्कन

a. प्रारम्भिक नामाङ्कन – नामाङ्कन हुनुभन्दा पहिले, सिटीले ग्राहकहरूलाई स्वतः-नामाङ्कन गर्ने सूचना पठाउने छ, यसमा उनीहरूलाई अप्ट-आउट सूचनामा निर्दिष्ट कार्य(हरू) नगरेसम्म उनीहरू स्वतः कार्यक्रममा भर्ना हुने छन्। सिटीले ग्राहकहरूलाई कार्यक्रमबाट बाहिरिन कम्तीमा 30 पात्रो दिन (डेलिभरीका लागि छ दिन थप) प्रदान गर्ने छ। यो समयपछि, सिटीले विद्युत वितरण कम्पनीको आवश्यकताअनुसार स्वतः-नामङ्कन गरिएका ग्राहकहरूलाई नामङ्कन गर्ने छ। तिनिहरूले अप्ट-इन उत्पादन प्राप्त गर्न खोजेको कुरा सिटीलाई सूचित नगर्दासम्म स्वतः-नामाङ्कन गर्ने ग्राहकहरूलाई अप्ट-आउट नगर्नाले पूर्वनिर्धारित उत्पादनमा नामाङ्कन गरिने छ। माथि खण्ड IV.B.3.c मा वर्णन गरेअनुसार, ग्राहकको नामाङ्कन ग्राहकको वर्ग वा उपवर्गअनुसार फरक हुन सक्छ।

निर्देशनहरू अनुरूप, सिटीले विभागको स्वीकृति पाएको दुई वर्ष भित्र सहभागीहरूको प्रारम्भिक नामाङ्कन सुरु गरेन भने विभागले कार्यक्रम समाप्त भएको मान्ने छ। यसले पछिको मितिमा आफ्नो कार्यक्रम पुनर्स्थापित गर्न खोजेमा सिटीले निर्देशिसन, खण्ड III मा उल्लिखित प्रक्रियागत आवश्यकताहरूको पालना गर्नुपर्छ भन्ने कुरा पनि स्वीकार गर्छ।

b. जारी नामाङ्कन – माथि खण्ड IV.B.3.c मा वर्णन गरेअनुसार, चलिरहेको ग्राहक नामाङ्कन ग्राहक वर्ग वा उपवर्गअनुसार फरक हुन सक्छ, उदाहरणका लागि ठूला औद्योगिक ग्राहकहरूको सन्दर्भमा। आवधिक आधारमा, सिटीले (1) माथि वर्णन गरिएको प्रारम्भिक नामाकङ्नका लागि अप्ट-आउट प्रावधानहरूको अधीनमा, नयाँ ठूला औद्योगिक स्वतः-नामाकङ्न ग्राहकहरू बाहेक, नयाँ स्वतः-नामाकङ्न ग्राहकहरूलाई स्वतः भर्ना गर्ने छ; र (2) गैर-स्वचालित-नामाकङ्न ग्राहकहरूलाई अप्ट-इन आधारमा कार्यक्रममा सामेल हुने अवसर प्रदान गर्ने छ। ठूला औद्योगिक विद्युत ग्राहकहरू जसले (i) नयाँ स्वतः- नामाङ्कन ग्राहकको रूपमा नाम लेखाएका छन्, (ii) पहिले नै

कार्यक्रमबाट बहिष्कृत भएका छन् वा (iii) हाल प्रतिस्पर्धी आपूर्तिमा सेवा लिइरहेका छन्, तिनीहरूले सोही समयमा लागू हुने बजार मूल्यमा कार्यक्रममा सहभागी हुन अनुरोध गर्न सक्छन्।

c. अप्ट-इन उत्पादनको नामाङ्कन – विद्युतीय ग्राहकहरूले कार्यक्रम वेबसाइट मार्फत वा परामर्शदाता वा कार्यक्रम आपूर्तिकर्तालाई सम्पर्क गरेर सिधै अनलाइन कार्यक्रम उत्पादनमा अप्ट इन गर्न सक्छन्। उत्पादनको दर र/वा नवीकरणीय ऊर्जा सामग्रीमा कुनै पनि परिवर्तन हुनुभन्दा पहिले सिटीले अप्ट-इन उत्पादनमा दर्ता भएका सहभागीहरूलाई सूचित गर्ने छ। सहभागीहरूले सिटीलाई अन्यथा जानकारी नगरेसम्म, नयाँ लागू मूल्य र सुरुमा नवीकरणीय ऊर्जा सामग्रीको अधीनमा रहेर, सहभागीहरूले आफ्नो हालको उत्पादन प्राप्त गर्न जारी राख्ने छन्। बन्द गरिँदै गरेको अप्ट-इन उत्पादनमा दर्ता भएको सहभागीले अर्को उत्पादन सकारात्मक रूपमा चयन गर्नुपर्छ। सहभागीले त्यस्तो छनौट गरेन भने, सहभागी पूर्वनिर्धारित उत्पादनमा दर्ता हुने छ। माथि खण्ड IV.B.3.c मा वर्णन गरेअनुसार, अप्ट-इन उत्पादनको नामाङ्कन ग्राहकको वर्ग वा उपवर्गअनुसार फरक हुन सक्छ।

6. ग्राहकसम्बन्धी सूचना

a. अप्ट-आउट सूचना – सिटीले सबै स्वतः-नामाङ्कन ग्राहकहरूलाई नामाङ्कनको कम्तीमा 36 पात्रो दिनअघि अप्ट-आउट सूचना पठाउने छ। अप्ट-आउट सूचनाले ग्राहकहरूलाई (1) कार्यक्रममा स्वतः भर्ना हुने, (2) जरिवाना बिना कार्यक्रमबाट बाहिरिने अधिकार रहेको र (3) अप्ट-आउट गर्न उनीहरूले गर्नुपर्ने कार्यहरूको बारेमा जानकारी दिने छ। सूचनामा मूल्य, अवधि र नवीकरणीय ऊर्जा सामग्रीसँग सम्बन्धित उत्पादन जानकारी समावेश हुने छ र ग्राहकले अप्ट-इन उत्पादन चयन गर्न चाल्नुपर्ने कार्यहरू पहिचान गर्ने छ। अन्त्यमा, सूचनामा आधारभूत सेवा दरहरूबारे जानकारी समावेश हुने छ जसमा यसलाई कसरी पहुँच गर्ने र यो उनीहरूलाई जरिवाना बिना उपलब्ध छ भन्ने तथ्य समावेश हुने छ। एट्याचमेन्ट 2 मा सिटीको प्रस्तावित अप्ट-आउट सूचनाको प्रतिनिधि फारम समावेश छ।

सिटीले (1) सहभागीतासम्बन्धी महत्त्वपूर्ण जानकारी समावेश भएको स्पष्ट रूपमा चिन्ह लगाइएको नगरपालिकाको खाममा अप्ट-आउट सूचनाहरू पठाउने छ, (2) अप्ट-आउट जवाफ कार्डको लागि स्व-ठेगाना गरिएको, हुलाक-भुक्तानी गरिएको खाम समावेश गर्ने छ र (3) ग्राहकहरूले कार्यक्रम जानकारीका साथ दृश्य वा श्रव्य सहायता कसरी प्राप्त गर्न सक्छन् भन्ने बारे निर्देशनहरू प्रदान गर्ने छुट्टै भाषा पहुँच कागजात समावेश गर्ने छ। माथि खण्ड IV.B.3.c मा वर्णन गरेअनुसार, अप्ट-आउट सूचना र प्रक्रियाहरू ग्राहक वर्ग वा उपवर्गअनुसार फरक हुन सक्छन्।

b. उत्पादन परिवर्तनको सूचना – सिटीले आफ्ना कुनै पनि उत्पादनको मूल्य वा नवीकरणीय ऊर्जा सामग्रीमा परिवर्तनका बारेमा सहभागीहरूलाई सूचित गर्ने छ। सूचनाले उत्पादनको अवस्थित र नयाँ मूल्य र नवीकरणीय ऊर्जा

सामग्री दुवै पहिचान गर्ने छ र सहभागीहरूले अब अवस्थित उत्पादन खरिद गर्न नखोज्दा चाल्नुपर्ने कारबाहीहरू पहिचान गर्ने छ। माथि खण्ड IV.B.3.c मा वर्णन गरिएनुसार, उत्पादन परिवर्तनको सूचनाहरू ग्राहक वर्ग वा उपवर्ग अनुसार फरक हुन सक्छन्।

c. ग्राहकसम्बन्धी सूचना

(i) अन्य सूचना कार्यक्रमसम्बन्धी सामान्य जानकारी – आफ्नो योजना स्वीकृत भएपछि, शहरले आफ्नो सीमा भित्रका प्रत्येक विद्युतीय ग्राहकलाई आफ्नो कार्यक्रमसम्बन्धी जानकारी र शैक्षिक सामग्रीहरू प्रदान गर्न सक्छ। सिटीले त्रैमासिकभन्दा बढीमा विद्युत वितरण कम्पनीलाई यस्ता सूचनाहरू सहज बनाउन आवश्यक जानकारी (ग्राहकको नाम, हुलाक ठेगाना (र फरक छ भने सेवा ठेगाना) र दर वर्ग) प्रदान गर्न अनुरोध गर्न सक्छ। सिटीले यो जानकारी कार्यक्रमका आपूर्तिकर्ताहरूसँग साझा गर्ने छैन। सिटीले प्रतिस्पर्धी आपूर्तिकर्तासँग दर्ता भएका ग्राहकहरूलाई सूचना वा शैक्षिक सामग्री पठाएको अवस्थामा त्यस्ता सूचना वा शैक्षिक सामग्रीहरूले ती ग्राहकहरूलाई उनीहरू कार्यक्रममा भर्ना भएमा उनीहरूले आफ्नो प्रतिस्पर्धी आपूर्तिकर्ताबाट प्रारम्भिक रद्द शुल्क तिर्न सक्छन् र कार्यक्रममा भर्ना हुनुअघि उनीहरूले यस विषयमा आफ्नो प्रतिस्पर्धी आपूर्तिकर्तासँग जाँच गर्नुपर्छ भन्ने कुरा सूचित गर्ने छन्। माथि खण्ड IV.B.3.c मा वर्णन गरिएअनुसार, ग्राहक सूचना र शैक्षिक सामग्री र कार्यविधिहरू ग्राहक वर्ग वा उपवर्गअनुसार फरक हुन सक्छन्।

(ii) कार्यक्रमका आपूर्तिकर्ताका सञ्चारहरू – सिटीबाट स्वीकृत भएपछि, एक सक्रिय कार्यक्रम आपूर्तिकर्ताले कार्यक्रम र लागू भएमा, ऊर्जा-सम्बन्धित उत्पादन वा सेवाहरूका बारेमा सहभागीहरूसँग कुराकानी गर्न सक्छन्।

7. जारी कार्यक्रमसम्बन्धी जानकारी – सिटीले जनतालाई तल खण्ड (a) देखि (c) सम्म सूचीबद्ध जारी कार्यक्रमसम्बन्धी जानकारीमा पहुँच प्रदान गर्ने छ। सिटीले यो जानकारी सिटीको वेबसाइटमा रहेको एक प्रमुख लिङ्कमार्फत जनतालाई उपलब्ध गराउने छ। तालिका IV.B.7 ले सिटीले जनतालाई यो जानकारी कसरी पहुँच गर्न सक्छ भनेर सञ्चार गर्ने तरिकाहरूका बारेमा पहिचान गर्दछ।

तालिका IV.B.7	जारी कार्यक्रमसम्बन्धी जानकारीमा सार्वजनिक पहुँच
स्थान	**विवरण**
नगरपालिकाको वेबसाइट	शहरको वेबसाइटमा सामान्य कार्यक्रम जानकारी हुने छ र कार्यक्रम वेबसाइटका लागि एक प्रमुख लिङ्क प्रदान गर्ने छ।
कार्यक्रमको वेबसाइट	*कार्यक्रमको वेबसाइट कार्यक्रमको वेबसाइटमा सिटीको कार्यक्रमका बारेमा सबै हालसालैका र विस्तृत जानकारी समावेश हुने छन्* (https://colonialpowergroup.com/everett/मा)। कार्यक्रमको वेबसाइटले आगन्तुकहरूलाई 100 भन्दा बढी विभिन्न भाषाको सूचीबाट चयन गरेर साइटको सामग्री तुरुन्तै अनुवाद गर्न मिल्ने गराउँछ। यो वेबसाइट ADA अनुरूप छ जसले मोटर कमजोरी, दृष्टिसम्बन्धी कमजोरी र डिस्लेक्सियासहित सामान्य असक्षमता प्रोफाइलहरूका लागि तत्काल सुविधा प्रदान गर्छ।
सञ्चार सवारी साधन/ आउटरिच गतिविधिहरू	दृश्य वा श्रव्य सहायताको आवश्यकता पर्ने शारीरिक क्षमता भएका अशक्त व्यक्तिहरूसहित सबै विद्युतीय ग्राहकलाई उचित रूपमा सूचित गर्न सिटीले सहायक प्रविधि प्रयोग गर्ने छ। कुनै पनि जानकारी सत्रहरू सामान्यतया सिटी हल, ज्येष्ठ नागरिक केन्द्रहरू वा पुस्तकालय जस्ता पहुँचयोग्य स्थानहरूमा आयोजना गरिने छ। सहयोग चाहिने विद्युतीय ग्राहकहरू (जस्तै, कान नसुन्ने वा अन्यथा सुन्नमा कठिनाई हुने, आँखा नदेख्ने अन्यथा दृष्टिविहीन) ले त्यस्तो कुनै पनि सार्वजनिक प्रस्तुतिअघि सहायक प्रविधि अनुरोध गर्ने अवसर पाउने छन्। जानकारी सत्रहरू व्यक्तिगत रूपमा आयोजना गर्न सकिँदैन भने प्रस्तुतीकरणहरू अनलाइन आयोजित गरिने छ र त्यसैले, सीमित गतिशीलता भएका उपभोक्ताहरूका लागि पहुँचयोग्य हुने छ।
सामाजिक सञ्जालका खाताहरू	सिटीले बासिन्दाहरूलाई सञ्चार गर्न प्रयोग गर्ने आधिकारिक सामाजिक सञ्जाल पृष्ठहरूमा सामग्री परिवर्तनहरूको सूचना पोस्ट गर्न सक्छ।
नगरपालिकाको केबल पहुँच टिभी	उपलब्ध र उपयुक्त भएमा, सिटीले स्थानीय केबल पहुँच टिभीमा सामग्री परिवर्तनहरूको सूचना पोस्ट गर्न सक्छ।
स्थानीय/क्षेत्रीय मिडियालाई घोषणा	उपयुक्तताअनुसार, सामग्री परिवर्तनहरूको सूचना पत्रपत्रिकामा प्रकाशित गरिने छ।
नगरपालिका भवनहरूमा भौतिक पोस्टिङ	उपयुक्त भएमा भौतिक परिवर्तनहरूका सूचनाहरू नगरपालिकाको हल र सार्वजनिक भवनहरूमा (अर्थात्,, पुस्तकालय, वरिष्ठ केन्द्र, आदि) राखिने छ।
नगरपालिका विभाग, बोर्ड र समितिहरू	उपयुक्त भएसम्म नगर परिषद्लाई कार्यक्रमका अपडेटहरू प्रदान गरियो।
सामुदायिक संस्थाहरू	उपयुक्त भएसम्म कार्यक्रमका अपडेटहरू सामुदायिक संस्थाहरूलाई प्रदान गर्न सकिन्छ।

a. अपडेट गरिएको उत्पादन जानकारी – सिटीले तालिका IV.B.3. मा देखाइएको ढाँचामा आवश्यकताअनुसार उत्पादन दरहरू र नवीकरणीय ऊर्जा सामग्री अपडेट गर्ने छ।

b. अघिल्लो वर्षका लागि वार्षिक कार्यक्रमसम्बन्धी जानकारी – निर्देशिकाअनुसार आवश्यक भएअनुसार सिटीले विभागलाई अघिल्लो वर्षका लागि वार्षिक रूपमा कार्यक्रमसम्बन्धी जानकारी प्रदान गर्ने छ।

(i) उत्पादनसम्बन्धी जानकारी - दरका घटकहरू, नवीकरणीय ऊर्जासम्बन्धी सामग्री र सहभागिता

(ii) उत्पादन दरको घटकसम्बन्धी जानकारी

(iii) नवीकरणीय ऊर्जाको सामग्रीसम्बन्धी जानकारी

(iv) तालिका IV.A मा उल्लेख गरिएअनुसार संगठनात्मक संरचना

(v) तालिका IV.B.1.c मा उल्लेख गरिएअनुसार ग्राहकका वर्गहरूको समान व्यवहार

(vi) तालिका IV.B.2 मा उल्लेख गरिएअनुसार आपूर्ति खरिदका गतिविधिहरू

(vii) अघिल्लो वर्ष पठाइएका सबै सूचनाका प्रतिनिधिहरू

(viii) तालिका IV.B.7.c.iii मा उल्लेख गरिएअनुसार सार्वजनिक पहुँचका विधिहरू र

(ix) लागू भएमा सहभागीहरूलाई अन्य कोष स्रोत/लागतहरू

c. कार्यक्रमसम्बन्धी सामान्य जानकारी – सिटीले कार्यक्रम-सम्बन्धित कागजातहरू (जस्तै, योजना, विभाग आदेश, कार्यक्रम प्रेस विज्ञप्ति) मा पहुँच प्रदान गर्ने छ र कायम राख्ने छ।

8. कार्यक्रमको समापन – सहभागीहरूलाई निरन्तर बिजुली आपूर्ति सुनिश्चित गर्नका लागि सिटीले सबै उचित कदम चाल्ने छ। तैपनि, कार्यक्रम समाप्त हुन सक्छ।

a. कार्यक्रम समाप्तिका सम्भावित कारणहरू – कार्यक्रम दुई तरिकाले समाप्त गर्न सकिन्छ: (1) कुनै पनि विस्तार, नवीकरण वा त्यसपछिको सम्झौता वार्ता नगरी सम्झौता समाप्ति वा म्याद समाप्त भएपछि; वा (2) कार्यक्रम विघटन गर्न सिटीको निर्देशनमा।

b. समाप्तिको सम्भावना कम गर्न योजनाबद्ध कार्यहरू – सिटीले आफ्नो सल्लाहकारसँगको समन्वयमा, योजनाका विद्युतीय ग्राहकहरूलाई निरन्तर आकर्षक प्रस्तावहरू प्रदान गर्ने उद्देश्यले कार्यक्रमलाई सक्रिय रूपमा

व्यवस्थापन गर्ने छ। त्यस्ता गतिविधिहरूमा निम्न कुराहरू समावेश हुनु पर्ने छ: (1) रणनीतिक र अग्रगामी खरिद रणनीतिहरू विकास र लागू गर्ने; (2) विद्युतीय ग्राहकहरूको चासो आकर्षित गर्ने र कायम राख्ने उत्पादनहरू परिमार्जन गर्ने र परिचय गराउने; (3) आपूर्तिकर्ताहरूको चासो आकर्षित गर्ने र कायम राख्ने कार्यक्रम सञ्चालन र सम्बन्धित सम्झौता सर्तहरूको डिजाइन गर्ने; र (4) सम्झौता भाषा र सञ्चालन रणनीतिहरू मार्फत बजार वा नियामक घटनाहरूको प्रारम्भिक पहिचान र व्यवस्थापन गरेर प्रतिकूल परिणामहरूलाई पूर्व-प्रभावित गर्ने।

c. समाप्तिको घटनामा संक्रमण योजनाहरू – प्रत्येक सहभागीले कार्यक्रम समाप्त हुनुभन्दा 90 दिन अगाडि कार्यक्रम समाप्त भएको सूचना प्राप्त गर्ने छन्। समाप्तिको अवस्थामा, सहभागीहरूले आधारभूत सेवामा फर्कने छन् वा व्यक्तिगत रूपमा प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गर्ने छन्। यो स्थानान्तरण स्थापित इलेक्ट्रोनिक डाटा इन्टरचेन्ज (EDI) प्रोटोकल प्रयोग गरेर विद्युतीय वितरण कम्पनीसँग समन्वयमा र EBT कार्य समूह प्रतिवेदनमा उल्लिखित नियम र प्रक्रियाअनुसार हुने छ।

d. सूचनाहरू – सिटीले योजनाबद्ध कार्यक्रम समाप्त हुनुभन्दा 90 दिन अगाडि विद्युत वितरण कम्पनी र विभागलाई सूचित गर्ने छ। सिटीले विभागलाई पठाएको सूचनामा कार्यक्रमको समाप्ति र सहभागीहरूलाई आधारभूत सेवामा फिर्ता गर्ने सम्बन्धमा सहभागी र अन्य विद्युतीय ग्राहकहरूलाई शहरले प्रदान गर्न चाहेको सबै सार्वजनिक सूचना, प्रेस विज्ञप्ति, वेबसाइट पोस्टिङ र अन्य कुनै पनि सञ्चार र सञ्चार विधिहरूका प्रतिलिपिहरू समावेश हुने छन्।

कार्यक्रम समाप्त भएको अवस्थामा, सिटीले समाप्तिको मितिबाट कम्तीमा दुई वर्षसम्म विभागको स्वीकृतिका लागि नयाँ योजना दायर गर्ने छैन जुन मितिलाई सिटीले सबै सहभागीलाई आधारभूत सेवामा फिर्ता गरेको मितिको रूपमा परिभाषित गरिएको छ। नयाँ योजनाले समाप्तिको कारणले गर्दा भएका परिस्थितिहरू र दोस्रो समाप्तिबाट बचाउन सिटीले चालेका कदमहरूको पूर्ण वर्णन गर्ने छ।

C. कार्यक्रमका सहभागीहरूका अधिकार र जिम्मेवारीहरू – सहभागीहरूले निम्न गर्न सक्षम हुने छन्: (1) लागू हुने ग्राहक वर्ग वा उपवर्गमा प्रस्ताव गरिएका कुनै पनि उत्पादनहरू चयन गर्न; (2) कार्यक्रम आपूर्तिकर्ता वा परामर्शदातालाई सम्पर्क गरेर एउटा उत्पादनबाट अर्को उत्पादनमा स्विच गर्न; र (3) परामर्शदाता, कार्यक्रमका आपूर्तिकर्ता वा विद्युत वितरण कम्पनीलाई सम्पर्क गरेर कुनै पनि समयमा जरिवानाविना कार्यक्रम छोड्न।

V. नगरपालिका एकत्रीकरण योजनाहरूको विभाग समिक्षा

सिटीले समीक्षा र स्वीकृतिका लागि यो योजना विभागमा पेस गर्ने छ।

VI. वार्षिक प्रतिवेदनहरू

सिटीले अघिल्लो वर्षको कार्यक्रम सञ्चालनसँग सम्बन्धित निम्न जानकारी विभागलाई वार्षिक रूपमा पेस गर्ने छ:

- सिटीले अघिल्लो वर्षको कार्यक्रम सञ्चालनसँग सम्बन्धित निम्न जानकारी विभागलाई वार्षिक रूपमा पेस गर्ने छ:
- माथिको खण्ड IV.B.7.b मा उल्लिखित जानकारीका आवश्यकताहरू समावेश गर्ने कागजात।

VII. विद्युत वितरण कम्पनीलाई सूचनाहरू

A. योजना दायर गर्ने – विभागमा योजना दायर गरेपछि सिटीले विद्युत वितरण कम्पनीलाई सूचित गऱ्यो। योजना स्वीकृत गर्ने विभागको आदेश प्राप्त भएपछि सिटीले विद्युत वितरण कम्पनीलाई सूचित गर्ने छ।

B. ऊर्जा आपूर्तिको सम्झौता –सिटीले (1) कार्यक्रम आपूर्तिकर्तासँग सम्झौता कार्यान्वयन भएपछि विद्युत वितरण कम्पनीलाई समयमै सूचित गर्ने छ र (2) कार्यक्रम आपूर्तिकर्तासँग ग्राहकहरूलाई दर्ता गर्न आवश्यक जानकारी विद्युत वितरण कम्पनीलाई प्रदान गर्ने छ। सिटीले आफ्नो डकेटेड कार्यवाहीमा सूचना दर्ता गर्नु पर्ने छ। सिटीले विद्युत वितरण कम्पनीलाई आवश्यक जानकारी प्रदान गरेको मितिदेखि 60 दिनभित्र सम्ममा ग्राहक नामाङ्कन सुरु हुने छ।

VIII. योजना र कार्यक्रमका परिवर्तनहरू

A. योजना संशोधन प्रक्रिया – सिटीले मार्गनिर्देशनसँग मिल्दोजुल्दो तरिकाले आफ्नो योजना परिमार्जन गर्न खोजेको अवस्थामा यसले संशोधित योजनाको सार्वजनिक समीक्षाका लागि कम्तीमा 30 पात्रो दिनको समय दिने छ। सार्वजनिक समीक्षापछि, सिटीले जानकारीमूलक उद्देश्यका लागि विभागमा संशोधित योजना पेस गर्ने छ। प्रस्तावित परिमार्जन मार्गनिर्देशनहरूसँग मेल खान्छ कि खाँदैन भनेर निर्धारण गर्न सिटीले विभागसँग परामर्श लिन सक्छ।

B. कार्यक्रम परामर्शदाता – यस्तो अवस्थामा सिटीले नयाँ परामर्शदाता नियुक्त गर्छ भने यसले विभागलाई लिखित रूपमा सूचित गर्नेछ नयाँ परामर्शदाताको पहिचान गर्नेछ, लागू भएमा परामर्शदाता नगरपालिका एकत्रीकरण परामर्श सेवाहरू प्रदान गर्न इजाजतपत्र प्राप्त विद्युत ब्रोकर हो भन्ने कागजातहरू समावेश गर्नेछ (माथिको खण्ड IV.B.1.b हेर्नुहोस्)।

IX. नगरपालिका एकत्रीकरण LICSS कार्यक्रमहरू

LICSS कार्यक्रम लागू गर्न सिटीले खोज गर्न सक्छ जुन समयमा सिटीले कार्यक्रमलाई समीक्षा र स्वीकृतिको लागि विभागमा पेश गर्ने छ। सिटीले बुझेको छ यसको प्रारम्भिक फाइलिङमा DOER बाट कागजातहरू समावेश हुनुपर्छ कि नगरपालिका एकत्रीकरण LICSS कार्यक्रमले फाइलिङको मितिदेखि प्रभावकारी SMART नियमहरू र LICSS निर्देशहरूका आवश्यकताहरू पूरा गर्दछ। फाइलिङमा नगरपालिका एकत्रीकरण LICSS कार्यक्रमसँग सम्बन्धित निम्न जानकारी पनि समावेश हुनुपर्छ:

A. नगरपालिका एकत्रीकरण LICSS कार्यक्रममा भाग लिने प्रत्येक LICSSTGU सहभागीका

लागि:

- मालिक/अधिकृत एजेन्टको नाम;
- स्थान (शहर/शहरको नाम);
- नेमप्लेट क्षमता र कुल अनुमानित वार्षिक ऊर्जा उत्पादन, किलोवाट र kWhs मा, क्रमशः;
- कार्यक्रममा भाग लिने अनुमानित वार्षिक ऊर्जा उत्पादन, kWhs मा;
- प्रक्षेपित SMART आधार क्षतिपूर्ति दर कोष र योजक कोषहरू उत्पादन इकाईलाई वार्षिक रूपमा भुक्तानी गरिनेछ ; र
- कार्यक्रममा भाग लिने कम आय भएका ग्राहकहरूलाई वार्षिक रूपमा हस्तान्तरण गरिनेछ SMART योजक कोषको अनुमानित भाग, उत्पादन इकाईलाई भुक्तानी गरिएको SMART योजक कोषको डलर र प्रतिशतमा।

B. नगरपालिका एकत्रीकरण LICSS कार्यक्रममा भाग लिने कम आय भएका ग्राहकहरू:

- कार्यक्रममा भाग लिने अनुमानित कम आय भएका ग्राहकहरूको संख्या;
- सहभागी कम आय भएका ग्राहकहरूको kWh मा वार्षिक प्रयोगको अनुमान;
- SMART कोषको पासथ्रुको परिणामस्वरूप सहभागी कम आय भएका ग्राहकहरूको बिलहरूमा प्रति kWh मा सेन्ट कटौतीको अनुमान; र
- सहभागी कम आय भएका ग्राहकहरूका लागि मासिक बिल बचतको अनुमान।

C. नगरपालिका/परामर्शदाताको शुल्कहरू:

- सिटीलाई SMART रकम प्रति किलोवाट प्रति घण्टा सेन्ट र अनुमानित जम्मा डलरमा भुक्तानी गरिने छ; र
- स्मार्ट कोष परामर्शदातालाई प्रति किलोवाट प्रति घण्टा सेन्ट र अनुमानित जम्मा डलरमा भुक्तानी गरिने छ।

सिटीले माथि पहिचान गरिएको जानकारीलाई खण्ड IV.B.7 (चालू कार्यक्रम जानकारीमा पहुँच) मा उल्लेख गरेअनुसार सार्वजनिक रूपमा उपलब्ध गराउने छ र यही जानकारीलाई आफ्नो वार्षिक प्रतिवेदन (खण्ड VI) मा समावेश गर्ने छ। विभागले फाइलिङमा DOER बाट आवश्यक कागजातहरू र माथि पहिचान गरिएको कार्यक्रमसम्बन्धी जानकारी समावेश छ कि छैन भनेर निर्धारण गर्नका लागि फाइलिङको समीक्षा गर्ने छ भन्ने कुरा सिटीले बुझेको छ। पुष्टि भएपछि, विभागले थप प्रक्रियाविना नै सिटीको एकत्रीकरण LICSS कार्यक्रमलाई अनुमोदन गर्ने छ। विभागको स्वीकृतिले DOER लाई सूचित गर्न नगरपालिका एकत्रीकरण LICSS कार्यक्रमले त्यस्ता कार्यक्रमहरू र यी दिशानिर्देशहरूसँग सम्बन्धित विभागको आवश्यकताहरूको पालना गर्ने काम गर्ने छ। सिटीले SMART नियम र LICSS दिशानिर्देशहरूको आवश्यकताहरू पूरा गर्ने थप वा प्रतिस्थापन LICSSTGU हरूसँग सम्झौता गर्न सक्छ र सिटीको अर्को वार्षिक प्रतिवेदनमा त्यस्ता सम्झौताहरूको वर्णन गर्ने छ।

एट्याचमेन्ट 1

सम्पर्कसम्बन्धी जानकारी

विभागले योजनाको प्रतिनिधि/एजेन्टको रूपमा सबै पत्राचारमा समावेश गर्नुपर्ने नगरपालिका अधिकारी:

Jonatan Frias, सामुदायिक योजना विशेषज्ञ
617-394-2246
Jonatan.Frias@ci.everett.ma.us

विद्युतीय ग्राहकहरूलाई "ग्राहक सहायता" प्रदान गर्न धेरै पक्षहरू उपलब्ध हुने छन्, जुन निम्नानुसार छ:

सिटीसम्बन्धी सम्पर्क (हरू):
Jonatan Frias, सामुदायिक योजना विशेषज्ञ
617-394-2246
Jonatan.Frias@ci.everett.ma.us

Matthew Lattanzi, Esq., निर्देशक योजना र विकास
617-394-2334
Matt.Lattanzi@ci.everett.ma.us

Katherine Jenkins-Sullivan, स्थिरतासम्बन्धी योजनाकार
617-944-0236
Kate.Jenkins-Sullivan@ci.everett.ma.us

परामर्शदातासम्बन्धी सम्पर्क:
कोलोनियल पावर ग्रुप, Inc
866-485-5858, ext. 1
https://colonialpowergroup.com/

कार्यक्रम आपूर्तिकर्तासम्बन्धी सम्पर्क:
[TBD]

सिटीलेले समय समयमा ग्राहक सेवा सम्पर्कहरू परिवर्तन गर्न सक्छ। हालका ग्राहक सेवा सम्पर्कहरू सिटी र कार्यक्रम वेबसाइटहरूमा प्रमुख रूपमा प्रदर्शित हुने छन्।

एट्याचमेन्ट 2

अप्ट-आउट सूचना

एमपावर एभरेट प्रोग्राम
उपभोक्ता सूचना

<Month> <Day>, <Year>

आदरणीय एभरेट आधारभूत सेवाका उपभोक्ता:

एभरेटको सहरले आफ्नो एम्पावर एभरेट कार्यक्रम ("कार्यक्रम") का लागि आपूर्तिकर्ताको रूपमा _____ चयन भएको घोषणा गर्न पाउँदा खुसी छ। यो कार्यक्रम नगरपालिका समूह स्थानीय सरकारलाई आफ्ना बासिन्दा र व्यवसायहरूको क्रयशक्ति संयोजन गर्न सक्षम बनाउने गर्दा उनीहरूलाई राष्ट्रिय ग्रिड आधारभूत सेवा (M.G.L. c. 164, § 134) को विकल्प प्रदान गर्न सम्भव हुन्छ। यो कार्यक्रमले तपाईंको रसिदको आपूर्ति भागलाई मात्र असर गर्छ। यसले तपाईंको रसिदको डेलिभरी भागलाई मात्र असर गर्ने छैन। राष्ट्रिय ग्रिडले तपाईंको बिजुली आपूर्ति गर्न जारी राख्ने छ तर एभरेटले कार्यक्रमका लागि आपूर्तिकर्ता चयन गरेको छ। _____ ले हाल एभरेटमा आधारभूत सेवामा रहेका सबै उपभोक्ताहरूलाई विद्युतीय बिजुली आपूर्ति प्रदान गर्ने छ। यो पत्र तपाईंलाई विद्युत आपूर्तिका लागि यो कार्यक्रमको बारेमा बताउनका लागि अभिप्रेरित छ। राज्यको कानुन अनुसार, तपाईंले कार्यक्रममा भाग नलिन चयन गर्नुभयो भने यसले तपाईंलाई तपाईंको अधिकार र विकल्पहरूको बारेमा पनि जानकारी दिन्छ।

- ✓ तपाईं सहभागी नहुन र अप्ट-आउट गर्ने चयन नगरेसम्म **तपाईं यो कार्यक्रममा स्वतः नामाङ्कन हुनुहुने छ**।
- ✓ तपाईं स्वतः नामाङ्कन हुन चाहनुहुन्न भने, **तपाईंले <MONTH> <DAY>, <YEAR> सम्ममा प्रतिक्रिया दिनुपर्छ**।

तपाईं आफ्नो विद्युतीय सेवामा कुनै परिवर्तन देख्नुहुने छैन। तपाईंले देख्नुहुने एउटै मात्र भिन्नता भनेको तपाईंको मासिक रसिदको "आपूर्ति सेवाहरू" खण्डअन्तर्गत _____ _____ छापिएको हुने छ। तपाईंले राष्ट्रिय ग्रिडबाट एउटा रसिद प्राप्त गर्न जारी राख्नु हुने छ। तपाईंले आफ्नो भुक्तानीहरू प्रशोधनका लागि राष्ट्रिय ग्रिडमा पठाउन जारी राख्नु हुने छ। राष्ट्रिय ग्रिडले आपतकालीन अवस्थामा प्रतिक्रिया दिने, मिटर पढ्ने र वितरण र प्रसारणका लाइनहरू कायम गर्ने काम जारी राख्ने छ। सेवाको विश्वसनीयता र गुणस्तर एउटै रहने छ। यसका साथै, तपाईंसँग सबै अवस्थित उपभोक्ताको अधिकार र सुरक्षाहरू जारी रहने छन्।

तुलनात्मक दर र सर्तहरू

	एभरेटको कार्यक्रम* **(आपूर्ति सेवाहरू मात्र)**		**राष्ट्रिय ग्रिड**** **(आपूर्ति सेवाहरू मात्र)**
	मानक	**वैकल्पिक**	**आधारभूत सेवा**
दर आवासीय व्यावसायिक/स्ट्रिटलाइट औद्योगिक	**(पूर्वनिर्धारित)** प्रति kWh $X.XXXXX प्रति kWh $X.XXXXX प्रति kWh $X.XXXXX	 प्रति kWh $X.XXXXX प्रति kWh $X.XXXXX प्रति kWh $X.XXXXX	 प्रति kWh $X.XXXXX प्रति kWh $X.XXXXX प्रति kWh $X.XXXXX
नवीकरणीय ऊर्जा सामग्री *(वर्षअनुसार आवश्यक र स्वैच्छिक प्रतिशतहरूका लागि घुसाएर हेर्नुहोस्)*	[TBD ले प्रतिस्पर्धात्मक बोली प्रक्रिया फलो गरिँदै छ]	[TBD ले प्रतिस्पर्धात्मक बोली प्रक्रिया फलो गरिँदै छ]	म्यासाचुसेट्स नवीकरणीय ऊर्जाका आवश्यकताहरू पूरा गर्छ
अवधि	_____ **20XX –** _____ **20XX** [तपाईंको सेवा क्षेत्रमा तपाईंको मिटर रिड गरिएको महिनाको दिनमा दरहरू सुरु र अन्त्य हुने सेवामा लागू हुन्छन्।]		_____ **20XX –** _____ **20XX** [आवासीय तथा साना व्यावसायिक दरहरू प्रत्येक 6 महिनामा परिवर्तन हुन्छन्। *[ठूलो व्यावसायिक र औद्योगिक दरहरू प्रत्येक 3 महिनामा परिवर्तन हुन्छन्।]*
निकास सर्तहरू	**निःशुल्क**		हिसाबमिलान शुल्क वा क्रेडिट प्राप्त गर्न सक्छ *[औद्योगिक G-2 र G-3 मात्र]*

*दरमा एम्पावर एभरेट कार्यक्रमलाई सहज बनाउन प्रति *kWh* $0.001 को परामर्शदाता सेवा शुल्क समावेश छ।
*दरमा दिगोपन योजनाकार पद(हरू) सँग सम्बन्धित कर्मचारी लागत कोषका लागि प्रति kWh $X.XXX को नगरपालिका सेवा शुल्क समावेश छ।
*सम्झौताको अवधिमा लागतमा प्रत्यक्ष, भौतिक वृद्धि हुने कानुनमा परिवर्तनको परिणामस्वरूप दर बढ्न सक्छ।
**ग्रीनअप विकल्पहरू राष्ट्रिय ग्रिडको आधारभूत सेवा दरको अतिरिक्त प्रति *kWh* $0.022-$0.038 मा उपलब्ध छन्।

महत्त्वपूर्ण जानकारी

- कार्यक्रमको सुरुवातमा, एकत्रीकरण दर राष्ट्रिय ग्रिडको आधारभूत सेवा दर भन्दा कम छ। एकत्रीकरण दर __ महिनाका लागि निश्चित गरिएको छ भने राष्ट्रिय ग्रिडको आधारभूत सेवा दर वर्षमा दुई पटक, फेब्रुअरी र अगस्टमा परिवर्तन हुन्छ। नतिजास्वरूप, एकत्रीकरण दर सधैँ राष्ट्रिय ग्रिडको आधारभूत सेवा दरभन्दा कम नहुन सक्छ। यो एकत्रीकरणको लक्ष्य राष्ट्रिय ग्रिडको आधारभूत सेवा दर विरुद्ध कार्यक्रमको जीवनभर बचत प्रदान गर्नु हो। तर, **भविष्यको बचतको ग्यारेन्टी गर्न सकिँदैन।**
- कार्यक्रमबाट **अप्ट-आउट** र राष्ट्रिय ग्रिड आधारभूत सेवामा फर्कन **कुनै शुल्क लाग्दैन**।

« थप जानकारीका लागि पछाडि हेर्नुहोस् »

सबै आधारभूत सेवा उपभोक्ताहरू यो सूचना पठाइएको छ उपभोक्ताले, स्वचालित रूपमा कार्यक्रममा भर्ना हुने छन् र तपाईंको मिटर रिड भएको _____ महिनाको दिनदेखि सुरु हुने एकत्रीकरण दरबाट लाभ उठाउन थाल्ने छन्। यो मिति सेवा क्षेत्र अनुसार फरक हुन्छ। तपाईंको बिलमा तपाईंको मिटर रिडिङ मिति देखाइएको छ।

कार्यक्रमको थप सूचनाका लागि आफ्नो राष्ट्रिय ग्रिड बिल हेर्नुहोस्।

- तपाईंको _____ बिलमा तपाईंलाई एभरेटको कार्यक्रममा स्विच गरिँदैछ भनी उल्लेख गरिने छ।
- तपाईंको _____ बिलले "आपूर्ति सेवाहरू" अन्तर्गत एभरेटको आपूर्तिकर्ता र एकत्रीकरण दर देखाउने छ।

बजेट योजना वा योग्य कम आय दर उपभोक्ताहरू ले राष्ट्रिय ग्रिडबाट ती लाभहरू प्राप्त गर्न जारी राख्ने छन्।

सौर्य प्यानल र सामुदायिक सौर्य उपभोक्ताहरू कार्यक्रम अन्तर्गत बिजुली आपूर्ति प्राप्त गर्दा नेट मिटरिङ वा बिलमा क्रेडिटहरू प्राप्त गर्न जारी रहने छन् र कार्यक्रममा भाग लिएर यी क्रेडिटहरूको मूल्य परिवर्तन हुने छैन।

कार्यक्रमको विद्युत आपूर्ति शुल्कको भागको रूपमा कुनै पनि लागू हुने करहरू बिल गरिने छ। उपयुक्त कागजातहरू प्रदान गरेर कर सङ्कलनबाट छुट पहिचान गर्ने र अनुरोध गर्ने जिम्मेवारी तपाईंको हुने छ।

कर छुट साना व्यावसायिक उपभोक्ताहरू ले आफ्नो कर छुट स्थिति कायम राख्नको लागि आफ्नो ऊर्जा छुट प्रमाणपत्रको प्रतिलिपि सिधै ___(आपूर्तिकर्ता)___ लाई ___(आपूर्तिकर्ता ठेगाना/फ्याक्स)___ मा पठाउनु पर्छ वा फ्याक्स गर्नुपर्छ।

तपाईंले पहिले नै आफैले आपूर्तिकर्ता छनौट गर्नुभएको छ भने तपाईंले यो कार्यक्रमबाट बाहिरिनु पर्छ। यसले तपाईंलाई त्यो आपूर्तिकर्ताबाट आफ्नो बिजुली प्राप्त गरिरहने कुरा सुनिश्चित गर्ने छ।

तपाईंले पहिले नै राष्ट्रिय ग्रिड मार्फत हरियो विद्युत आपूर्ति विकल्प रोज्नुभएको छ भने तपाईंले यो कार्यक्रमबाट अप्ट-आउट गर्नुपर्छ। यसले तपाईंलाई त्यो हरियो पावर सप्लाईबाट बिजुली प्राप्त गर्न जारी राख्ने कुरा सुनिश्चित गर्ने छ।

अप्ट-आउट कसरी गर्ने तरिका

- संलग्न अप्ट-आउट कार्डमा हस्ताक्षर गर्नुहोस् र प्रदान गरिएको हुलाक भुक्तानी गरिएको खाममा फिर्ता गर्नुहोस्; **वा**
- colonialpowergroup.com/everett मा गएर हेर्नुहोस् र अप्ट-आउट बटनमा क्लिक गर्नुहोस्, त्यसपछि अप्ट-आउट फारम भर्नुहोस् र पेस गर्नुहोस्; **वा**
- _____ लाई _____ मा फोन गर्नुहोस् र राष्ट्रिय ग्रिड आधारभूत सेवामा रहन अनुरोध गर्नुहोस्।

नामाङ्कनपछि कुनै पनि समय तपाईं अझै पनि कुनै शुल्कविना अप्ट-आउट गर्न सक्नुहुन्छ। तपाईं राष्ट्रिय ग्रिड आधारभूत सेवामा फर्कन केही बिलिङ चक्र लाग्न सक्नुहुन्छ। तपाईंले प्रारम्भिक नामाङ्कनपछि अप्ट-आउट गर्ने छनौट गर्नुभयो भने तपाईं colonialpowergroup.com/everett **मा अप्ट-आउट फारम बुझाउन सक्नुहुन्छ वा** _____ लाई _____ मा फोन गर्नुहोस् र राष्ट्रिय ग्रिड आधारभूत सेवामा राख्न अनुरोध गर्नुहोस्।

नवीकरणीय ऊर्जाको उच्च प्रतिशत भएको उत्पादन छनौट गर्न तपाईं _____ लाई _____ मा फोन गर्न सक्नुहुन्छ र एभरेटको वैकल्पिक उत्पादनमा नामाङ्कन हुन अनुरोध गर्न सक्नुहुन्छ।
[उत्पादन विकल्प(हरू) प्रतिस्पर्धी बोली प्रक्रियापछि निर्धारण गरिने छ। माथिकोले प्लेसहोल्डरको रूपमा काम गर्छ र मूल्य, शब्द, प्रविधि, पुरानो र स्थान सहितको उत्पादन विवरणले प्रतिस्थापन गरिने छ।]

कार्यक्रमको अवधिभरि प्रत्येक पछिको सम्झौता दर, अवधि र सम्भवतः आपूर्तिकर्ताअनुसार फरक हुन सक्छ। तपाईंले अप्ट-आउट नगरेसम्म तपाईंलाई नयाँ एकत्रीकरण दरमा अर्को सम्झौतामा स्वतः दर्ता गरिने छ। नयाँ एकत्रीकरण दर हालको दर भन्दा बढी वा कम हुन सक्छ र स्वैच्छिक नवीकरणीय ऊर्जा सामग्री परिवर्तन हुन सक्छ। तपाईंले अप्ट-आउट गर्ने छनौट गर्नुभयो भने तपाईंको आपूर्ति विकल्पहरूको बारेमा जानकारी दिन प्रत्येक स्वतः रूपमा नवीकरणको अग्रिम सूचना दिइने छ।

एभरेटको कार्यक्रमको बारेमा थप विस्तृत जानकारीका लागि, कृपया colonialpowergroup.com/everett मा जानुहोस् वा हामीलाई (866) 485-5858 एक्सटेन्सनमा टोल-फ्री कल गर्नुहोस्। 1.

राष्ट्रिय ग्रिडको आधारभूत सेवा दरहरू पहुँच गर्न कृपया भ्रमण गर्नुहोस्:

- आवासीय दरहरू – nationalgridus.com/media/pdfs/billing-payments/electric-rates/ma/resitable.pdf.
- व्यावसायिक दरहरू – nationalgridus.com/media/pdfs/billing-payments/electric-rates/ma/commtable.pdf.
- व्यावसायिक दरहरू – nationalgridus.com/media/pdfs/billing-payments/electric-rates/ma/commtable.pdf.

Colonial Power Group, Inc.एभरेट सहरले एम्पावर एभरेट कार्यक्रमलाई सहज बनाउन प्रतिस्पर्धात्मकका आधारमा छनौट गरेको ऊर्जा परामर्श कम्पनी हो

एम्पावर एभरेट प्रोग्राम (EMPOWER EVERETT PROGRAM)
ग्राहक सूचनाको पत्र खाम

आधिकारिक सहर व्यवसाय

City of Everett
c/o Competitive Supplier
1 Supplier Street
Supplier, MA 00000

PRESORTED
FIRST-CLASS
MAIL
U.S. POSTAGE
PAID
STAMFORD, CT
PERMIT NO. XXX

John Smith
1 Main Street
Everett, MA 02149

नछुटाउनुहोस् – बिजुलीको दरसम्बन्धी महत्त्वपूर्ण सूचना

एम्पावर एभरेट प्रोग्राम (EMPOWER EVERETT PROGRAM)
जवाफ खामसहितको ग्राहक अप्ट-आउट सूचना कार्ड

BUSINESS REPLY MAIL
FIRST-CLASS MAIL PERMIT NO. XX MARLBOROUGH, MA
POSTAGE WILL BE PAID BY ADDRESSEE

NO POSTAGE
NECESSARY
IF MAILED
IN THE
UNITED STATES

CITY OF EVERETT
c/o COMPETITIVE SUPPLIER
1 SUPPLIER STREET
SUPPLIER, MA 00000

एम्पावर एभरेट प्रोग्राम (EMPOWER EVERETT PROGRAM)
जवाफ कार्ड अप्ट-आउट गर्नुहोस्

John Smith
1 Main Street
Everett, MA 02149

खाता नम्बर: ##########

X _____
हस्ताक्षर **मिति**

तपाईं एम्पावर एभरेट कार्यक्रममा सहभागी
हुन चाहनुहुन्छ भने
तपाईंले कुनै पनि कार्य गर्नुपर्दैन।
तपाईंलाई स्वतः नामाङ्कन गरिने छ।

अप्ट-आउटका निर्देशनहरू
तपाईं सहभागी हुन चाहनुहुन्न भने:
1) हस्ताक्षर र मिति
2) प्रदान गरिएको खाममा राख्ने
3) मेल पठाउने

कार्डमा दर्ता भएको ग्राहकको हस्ताक्षर हुनुपर्छ जसको नाम यस कार्डको ठेगानामा देखिन्छ। **स्वतः नामाङ्कन हुनुअघि कार्यक्रमबाट बाहिरिनका लागि खाममा _____ द्वारा हुलाक चिन्ह लगाइएको हुनुपर्छ।**

नवीकरणीय ऊर्जा सामग्री - वर्षअनुसार आवश्यक र स्वैच्छिक प्रतिशतहरू

एम्पावर एभरेट		वर्ष	राज्यद्वारा आवश्यक भएमा*		स्वैच्छिक** *[TBD]*		जम्मा
			MA कक्षा I	अन्य	MA कक्षा I	अन्य	
स	मानक (पूर्वनिर्धारित) *[TBD फलो गरिँदै छ बोली प्रक्रिय]*	2025	27%	36%	---	---	63%
		2026	30%	39%	---	---	69%
		2027	33%	43%	---	---	76%
ए	वैकल्पिक *[TBD फलो गरिँदै छ बोली प्रक्रिय]*	2025	27%	36%	---	---	63%
		2026	30%	39%	---	---	69%
		2027	33%	43%	---	---	76%
राष्ट्रिय ग्रिड आधारभूत सेवा		2025	27%	36%	---	---	63%
		2026	30%	39%	---	---	69%
		2027	33%	43%	---	---	76%

*राज्यद्वारा आवश्यक भएमा – MA कानुनद्वारा आवश्यक नवीकरणीय ऊर्जा स्रोतहरूको अनिवार्य न्यूनतम प्रतिशत।
**स्वैच्छिक - तोकिएको वर्षमा राज्यले आवश्यक पर्ने न्यूनतमभन्दा बढी अतिरिक्त नवीकरणीय ऊर्जा।
MA नवीकरणीय ऊर्जा आवश्यकताहरूका बारेमा थप विवरणका लागि कृपया mass.gov/info-details/program-summaries मा गएर हेर्नुहोस्।